# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## महाशिला गाउँपालिका

पर्वत




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

## २०७९

## महाशिला गाउँपालिका

पर्वत



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

महाशिला गाउँपालिका

पर्वत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**

पत्र संख्याः २०७९।८०

च.नं. ६२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,

महाशिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पर्वत ।

**कैफियत सहितको राय**

हामीले महाशिला गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ७७ लाख ७८ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ करोड १७ लाख २४ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३२ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु १० लाख १९ हजार र पेश्की रू.१० लाख ८५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ९५ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ३ करोड ५६ लाख १५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घामर)

नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th></tr>
<tr><td>२९</td><td>८०</td><td>१७७७८</td><td>०</td><td>१७</td><td>११७२४</td><td>२९</td><td>६३</td><td>६०५४</td><td>३२२४</td><td>१०१९</td><td>७६९</td><td>०</td><td>०</td><td>१७८८</td><td>१०८५</td></tr>
</table>

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २० | लागत अनुमानकै दरमा बढि भुक्तानी भएको असुल भई पेश भएको। | १८२२८ |
| २ | २३ | कार्यक्रम कार्यन्वयन पुस्तिका अनुसार खर्च भएको देखिने प्रगित प्रतिवेदन तथा पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश भएको। | ४७५०००० |
| ३ | २५ | क्याम्पसलाई अनुदान उपलब्ध गराएको रकमको प्रमाण पेश भएको। | ६००००० |
| ४ | ३२ | रसिद केरमेट भए वरावरको रकम असुल भई बेरुजु दाखिला भएको। | ४००० |
| ५ | ३७ | पेश्की फर्छ्यौट भएको प्रमाण पेश | ५०००००० |
| ६ | ४१ | विद्यालयलाई हस्तान्तरण गरी विद्यालयको खातामा जिन्सी आम्दानी बाधेको प्रमाण पेश। | १३५२०४५ |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महाशिला गाउँपालिका | २९५६१ | ० | ० | २९५६१ | ० | ६०५४ | ३५६१५ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : महाशिला गाउँपालिका, पर्बत , महाशिला गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नर बहादुर बराल क्षेत्री | २०७८-९-५ | २०७८-१२-१७ |
| कार्यालय प्रमुख | हरि प्रसाद पराजुलि | २०७८-१२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण ढकाल | २०७६-१०-१६ | २०७८-८-२७ |
| लेखा प्रमुख | रामचन्द्र पौडेल | २०७८-९-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६०५४४०४.६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,०१,८५,४२७.०३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३,२९,०८,३०७.७ | **चालु खर्च** | १९,५१,७४,८९९.१ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५१,६४,९७८.०३ | **पूँजीगत खर्च** | ९,३६,८२,१९४.३५ |
| **राजश्व बाँडफाँट** | ४,२०,१९,६५७.०२ | **वित्तीय/अन्य व्यवस्था** | ६,२२,८७,४५३ |
| **आन्तरिक आय** | १९,०९,७८६.६९ | | |
| **अन्य आय** | ६,९३,०५,८३८.९९ | | |
| **कुल आय** | ३६,१३,०८,५६८.४३ | **कुल खर्च** | ३५,११,४४,५४६.४५ |
| **बाँकी मौज्दात** | | ५,०३,४९,४४९.०७ | |

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | | |

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लिखित आर्थिक कारोबारकोलेखापरीक्षण ऐन २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरि कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ६, पालिका सभा सदस्य ३२, जनसंख्या हजार जना र क्षेत्रफल वर्ग किलोमिटर रहेकोछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तिय विवरण (म.ले.प.फा.२७२)<br><br>स्थानीय सचित कोष अर्थिक वर्ष २०७८/०७९ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>
<table>
<tr><td colspan="6">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td>विवरण</td><td>टिप्पणी</td><td>यस वर्ष रु.</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४१८२७१३८८.९५</td><td>३६१३०८५६८.४६</td><td>०.</td><td>३६१३०८५६८.४६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोष</td><td></td><td>३५२६६२८००.</td><td>२९४८०२७२९.४७</td><td>०.</td><td>२९४८०२७२९.४७</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| मा आम्दानी बाँधिने) | | | | | |
| ११००० कर | 11 | ४९४५२४००. | ४२०१९६५७.०२ | ०. | ४२०१९६५७.०२ |
| १३००० अनुदान | | २९९१०४०००. | २५०८७३२८५.७६ | ०. | २५०८७३२८५.७६ |
| संघीय सरकार | 12 | २७६४५००००. | २३२९०८३०७.७३ | ०. | २३२९०८३०७.७३ |
| प्रदेश सरकार | 12 | १८६५४०००. | १५१६४९७८.०३ | ०. | १५१६४९७८.०३ |
| अन्तरिक श्रोत | | ४००००००. | २८०००००. | ०. | २८०००००. |
| १४००० अन्य राजस्व | | ४१०६४००. | १८७३६०६.६९ | ०. | १८७३६०६.६९ |
| १५००० विविध प्राप्ति | | ०. | ३६१८०. | ०. | ३६१८०. |
| ख. अन्य प्राप्ति | | ६५६०८५८८.९५ | ६६५०५८३८.९९ | ०. | ६६५०५८३८.९९ |
| वितरण गर्न बाकी राजस्व | | ०. | ०. | ०. | ०. |
| कोषहरु | | ३७९७०८४.९५ | ३७८५३०७.१८ | ०. | ३७८५३०७.१८ |
| धरौटी | | ०. | १४६७००७.८१ | ०. | १४६७००७.८१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६१८११५०४. | ६१२५३५२४. | ०. | ६१२५३५२४. |
| भुक्तानी (ग+घ) | | ४५३९७५९११.५१ | ३५११४४५४६.४२ | ०. | ३५११४४५४६.४२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३८८३६७३२२.५६ | २८८८५७०९३.४२ | ०. | २८८८५७०९३.४२ |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक /सुविधा | 18 | १४७१२१३५८.५६ | १३३३९७२१३.८८ | ०. | १३३३९७२१३.८८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | 18 | ५३७०२०५८. | ३७६८५८४६.०६ | ०. | ३७६८५८४६.०६ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | 18 | ५००००. | ५००००. | ०. | ५००००. |
| २५००० सहायता (Subsidy) | 18 | ७४९८०००. | ५२५११५८. | ०. | ५२५११५८. |
| २६००० अनुदान | 18 | १९३५५०००. | १३१०२८१८.१३ | ०. | १३१०२८१८.१३ |
| २७००० सामाजिक सुरक्षा | 18 | ९०५४३७३. | ५२८२२८८. | ०. | ५२८२२८८. |
| २८००० अन्य खर्च | 18 | ५०००००. | ४०५५७५. | ०. | ४०५५७५. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 18 | १५१०८६५३३. | ९३६८२१९४.३५ | ०. | ९३६८२१९४.३५ |
| घ. अन्य भूक्तानी | | ६५६०८५८८.९५ | ६२२८७४५३. | ०. | ६२२८७४५३. |
| कोषहरु | | ३७९७०८४.९५ | ७९४५४१. | ०. | ७९४५४१. |
| धरौटी | | ०. | २३९३८८. | ०. | २३९३८८. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६१८११५०४. | ६१२५३५२४. | ०. | ६१२५३५२४. |

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | -३५७०४५२२.५६ | १०१६४०२२.०४ | ०. | १०१६४०२२.०४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४०१८५४२७.०३ | ०. | ४०१८५४२७.०३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -३५७०४५२२.५६ | ५०३४९४४९.०७ | ०. | ५०३४९४४९.०७ |
| बैंक तथा नगद बाकी | 24 | | ५०६९६८०८.०७ | ०. | ५०६९६८०८.०७ |

४

**वित्तीय विश्लेषण**

स्थानीयसरकार संचालन ऐन, २०७४को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असारमसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोहीऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापनगर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

- पालिकाले पेश गरेको आर्थिक विवरणमा कोष तथा लेखा नियन्तक कार्यालयबाट सोझै भुक्तानी हुने(CGAS) तर्फका सामाजिक सूरक्षा र गरिवसँग विश्ववशर लगायतका शिर्षक म.ले.प.फा.२७२ मा समावेश भएको देखिएन । उक्त खर्चहरु म.ले.फा.नं.२७२ को संघ तथा प्रदेश सरकारका अन्य कार्यक्रम तर्फ समावेश गरी आर्थिक विवरण प्रस्तुत गरीएको छ । जसअनुसार सुत्रबाट देखिएको आर्थिक विवरणबाट पालिकाको यथार्थ आर्थिक कारोबारको चित्रण भएको छैन ।
- पालिकाले पेश गरेको सुत्रबाट तयार गरेको आर्थिक विवरण म.ले.प.फा.नं. २७२ मा दाखिला बाँकी कट्टी रकम मौज्दाततर्फ रु. देखिएको छ । उक्त रकम दाखिला गरी हिसाब समायोजन हनुपर्दछ ।
- म.ले.प.फा.नं. २७२ मा यस वर्षको अल्यातर्फ रु.४,०१,८५,४२७.०३ मात्र जिम्मेवारी सरेको देखिन्छ । सोही सुत्रले तयार गरेको वित्तीय वितरणकोगत वर्षको मौज्दाततर्फ श्रेस्ता अनुसार बाँकीमा रु.२,५४,३५,४७२.६२ बैक अनुसार बाँकीमा रु.६,६२,४५,७११.२९

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखाएको छ । सुत्रबाट तयार वित्तीय विवरणको अनुसूची १० र अनुसूची १५ मा गत वर्षको बाँकी देखाएको रकम बराबर नै वित्तीय वितरणतर्फ नदेखिएकोले सुत्रले तयार गरेको एकीकृत वित्तीय विवरण तथा अनुसूचीहरु बीच नै अंक भिडान नहुने तथा गत वर्षको मौज्दात रकम स्वतः अल्या नहुने भएकोले सुत्रले तयार गरेको वित्तीय विवरण यथार्थ छ भन्न सकिने अवस्था रहेन ।<br>• म.ले.प.फा.२७२ को अनूसूची २४अनुसार पालिकाको यस वर्षको बैक मौज्दात बाँकी रु.५,०६,९६,८०८.०७ रहेकोमा सुत्रले तयार गरेको वित्तीय विवरणमा श्रेस्ता अनुसार बाँकी रु.५,०३,४९,४४९.०७ मात्र देखिन्छ । सुत्रले अनुसूची तथा वित्तीय विवरणमा रु.३४७३५९ फरक देखाएको छ । तसर्थ पालिकाले तालुक निकायसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ ।<br>• लेखापरीक्षणकाक्रममा फिर्ता पठाएको रकम लगायतका कारोबारहरु बैंक नगदी किताबमा समेश नभएको कारण पालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविकस्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **फरवार्ड तथा रिभर्स फिड**<br><br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताकोचौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची६ बमोजिमको ढाँचामा तयार गरी सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने तालुक निकायमा पठाउनु पर्ने उल्लेख छ । साथै पालिकाले बैकसँग गरेको सम्झौताअनुसार रकम निकासा भएको तथा फरवार्ड फिड गरेको १५ दिन भित्र बैंकले रकम जम्मा गरी रिभर्स फिड गर्नुपर्ने उल्लेख गरेकोमा बैकले १ महिना भन्दा बढी समय पश्चात रिभर्स फिड गर्ने गरेको पाईयो । जसअनुसार पालिकाबाट तोकीएको समयाविध भित्र तालुक निकायमा प्रतिवेदन भएको पाईइन । तसर्थ सम्झौताको पालना गरी समयमै फरवार्ड तथा रिभर्स फिड गर्ने र प्रतिवेदन गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ। | |
| ६ | | | **लाभग्राही अभिलेख**<br><br>सामाजिक सुरक्षा नियमावली, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या | |

<table>
<tr><th>क सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ लाभग्राहीलको आफन्त मृत्युदर्ता गर्न आएको अवस्थामा मात्र मृत्यु दर्ता गरी लगत कट्टा गरिने जानकारी प्राप्त भएकोले पालिकाले पेश गरेको विवरण तथा लगात कट्टा अभिलेख व्यवस्थित छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले यस सम्बन्धमा अनुगमन गरी बैंकमा रकम निकासा भए अनुसार सम्बन्धितले भत्ता बुझेको यकिन गरी लाभग्राही अभिलेख अध्याविधक तथा सुचना फाईल व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कार्यक्रमको अध्ययन तथा बिश्लेषण<br><br>गाउँपालिकाले एक घर एक रोजगारीको नीति बमोजिम पालिका भित्रका १८ देखि ५५ बर्ष उमेर समूहका व्यक्तिहरुका लागि महाशिला विकास स्वमंसेवक कार्यक्रमको सन्चालन आर्थिक बर्ष २०७५।०७६ देखि गर्दै आएको छ । महाशिला विकास स्वयंसेवक परिचालन कार्यविधि २०७६ र स्वयंसेवक शिक्षक परिचालन तथा व्यवस्थापन सम्बन्धी नियमावली २०७७ तर्जुमा गरी सोही अनुसार स्वास्थ्य, सामुदायिक शिक्षा, बाल तथा जेष्ठ नागरिक संरक्षण, सामाजिक सुरक्षा, कृषि, पशु, बन तथा वातावरण संरक्षण, पूर्वाधार निर्माण लगायत गाउँपालिकाले तोकेका अन्य कार्यक्रम सन्चालन गरेको देखिन्छ । उक्त कार्यक्रममा १२३ जनाको रु ८२८८६८८ खर्च भएको देखिन्छ । यसबाट अल्पकालिन रुपमा रोजगारी सृजना भएतापनि कार्यक्रमको अध्ययन तथा बिश्लेषण गरी दीर्घकालिन रोजगारी सृजना हुने क्षेत्रमा लगानी बढाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष निम्नानुसार व्यक्ति एवं संघ संस्थालाई रु ९१८९०८। आर्थिक सहायता वितरण गरेकोले अनियमित देखिएको रु<br><br><table><tr><th>सि न</th><th>व्यक्ति वा सस्थाको नाम</th><th>रकम</th></tr><tr><td>१</td><td>रमेश कुमार थापा</td><td>२००००</td></tr><tr><td>२</td><td>प्रेश चौतारी नेपाल</td><td>५५०००</td></tr></table></td><td>९१८,९०८</td></tr>
</table>

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>लक्ष्मण कुमार सुनार</td><td>१००००</td></tr>
<tr><td>४</td><td>गाउँपालिका राष्ट्रिय महासंघ</td><td>२००००</td></tr>
<tr><td>५</td><td>मदन भण्डारी फाउण्डेशन</td><td>६००००</td></tr>
<tr><td>६</td><td>नेपाल उत्पिडित जातीय मुक्ति समाज</td><td>२००००</td></tr>
<tr><td>७</td><td>नेपाल मगर संघ</td><td>५००००</td></tr>
<tr><td>८</td><td>जनसेवा आमा समूह अध्यक्ष सरस्वती अधिकारी</td><td>३५०००</td></tr>
<tr><td>९</td><td>कुश्मा स्पोर्टस क्लब</td><td>२५०००</td></tr>
<tr><td>१०</td><td>मिलिजुली युवा क्लब</td><td>५००००</td></tr>
<tr><td>११</td><td>कान्तिपुर पब्लिकेशन प्रा लि</td><td>२५०००</td></tr>
<tr><td>१२</td><td>नेपाल पत्रकार महासंघ</td><td>३५५०००</td></tr>
<tr><td>१३</td><td>ढोरपाटन संचार प्रा लि</td><td>२४४०८</td></tr>
<tr><td>१४</td><td>नारी उत्थान समाज</td><td>५००००</td></tr>
<tr><td>१५</td><td>सकृय सामाजिक उद्यमी महिला सहकारी</td><td>१००००</td></tr>
<tr><td>१६</td><td>दुक्तान सामुदायिक होमस्टे</td><td>५००००</td></tr>
<tr><td>१७</td><td>महाशिला मिडिया प्रा लि प्रबन्ध निर्देशक दिपेश बि क</td><td>१९५००</td></tr>
<tr><td>१८</td><td>नेपाल प्रेश युनियन</td><td>१००००</td></tr>
<tr><td>१९</td><td>बिश्वकर्मा पन्चे बाजा संरक्षण समूह हितराज बि क</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९१८९०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>अनुदानको भरपाई<br><br>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको बिल भरपाई र त्यसलाई पुष्ट्याइ गर्ने कागजात सहित लेखा राखुपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले उत्पादन महा अभियान दुध तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रम सन्चालन गरी रु ९१२२५५ खर्च गरेको छ । पालिकाको वडा नम्बर १ मा सामाजिक महिला कृषि सहकारी संस्थाले १०१ जना कृषकबाट श्रावणदेखि पौस सम्म ६०८९ केजी खसी संकलन गरी प्रति केजी रु ४८० सहकारीले र रु २५ पालिकाले थप गरी रु ५०५ को दरले किसानसँग खरिद गरेको देखिन्छ । अनुदानले पारेको प्रभाव बिश्लेषण गरी निश्चित मापदण्डको आधारमा अनुदान बितरण गर्नुपर्ने देखिन्छ ।</td><td>१५२,२३२</td></tr>
</table>

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले रु १५२२३२ अनुदान उपलब्ध गराएकोमा किसानलाई वितरण गरेको भरपाई पेश नभएको रु | |
| १० | | | **कुल पुजा स्थाल निर्माण**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ ले निश्चित व्यक्तीलाई मात्र लाभ हुने गरि निजी प्रकृतीका कार्यमा अनुदान दिन पाउने व्यवस्था गरेको देखिएन । तर गोभौ १३२ मिति २०७९।०२।१९ बाट अधिकारी कुल मन्दीर घेराारका लागि रु.७३३१५ भुक्तानी भएको पाईयो । कुल पुजा स्थाल निर्माण तथा मर्मतका लागि पालिकाले भुक्तानी गरेको उचित देखिएन । तसर्थ कुल पुजास्थल लगायतलाई पालिकाबाट अनुदान दिन नमिल्ने देखिएकोले उक्त भक्तानीको सिफारिस गर्ने व्यक्तीलाई जिम्मेवार वनाई उक्त खर्च रकम असूल हुनुपर्दछ । रु | ७३,३१५ |
| ११ | | | **मेसिनको प्रयोगमा मानीसको दर**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा लाभग्राही समुदायले निर्माण कार्य गर्दा भएका खर्चको विल भरपाई सार्वजनिक भेलाबाट अनुमोदन गरी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले गोभौ २४४ मिति २०७९।०३।२५ बाट महाशिला शीला क्षेत्र सिढी निर्माण कार्यको लागि रु.२०९५५०८ खर्च लेखेको छ । भुक्तानी श्रेस्तामा संलग्न विल भरपाई परीक्षण गर्दा उपभोक्ता समितिले खन्ने कार्यको लागि श्री गुरुङ्ग विल्डर्स प्रालिको मेसिन प्रयोग गरेको भनी मिति २०७९।०३।१५ को २७ नंको मूअकर विजक पेश गरेको छ । तर कार्यालयले लागत अनुमान तयार गर्दा उक्त खन्ने कार्य मानीबाट गर्ने गरी प्रतिघनमिटरु रु.५७४.९६ का दरले लागत अनुमान तयार गरेकोमा सोही दरमा प्राविधिक मुल्यांकन गरी भुक्तानी गरेको छ । जसअनुसार उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेको अवस्थामा समेत मानीसको दरमा भुक्तानी भएको देखिन्छ । जिल्ला दररेट अनुसार मेसिन लगाई खन्ने कार्यको दर प्रति घनमिटर रु.९९.१४ रहेकोमा मेसिन लगाएको अवस्थामा समेत प्रति घनमिटर रु.५४७.९६ का दरले खन्ने कार्यमा र रु.३९१.४० का दरले फिलिङ्गमा भुक्तानी भएको छ । जसअनुसार मेसिन प्रयोग एको कार्यमा मानीसको दरमा भुक्तानी भएकोले खन्न कार्यमा प्रति घनमिटर रु.४४८.७९ का दरले ६८.८४ घनमिटरमा रु.३०८९५ र फिलिङ्गक कार्यमा प्रतिघनमिटर रु.२९२.२६ का दरले १९११४ समेत रु.५०००९ बढी भुक्तानी भएको छ । तसर्थ बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु | ५०,००९ |
| १२ | | | **उपभोक्ता समितिको अध्यक्षको नाममा भुक्तानी** | |

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजिनक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार लाभग्राही समुदायबाट हुने कार्यको भुक्तानी समितिको खाता मार्फत दिनुपर्दछ तर कार्यालयले देहाय अनुसार योजना उपभोक्ता समितिबाट संचालन गरेकोमा भुक्तानी दिदा उपभोक्ता समितिको नाममा चेक जारी गरेको देखिन्छ । जसबाट खरिद नियमावलीमा उल्लेख भए अनुसार लाभग्राही समुदायिको खातमा रकम जम्मा भएको नदेखिने र लाचग्राही समुदायलाई दिएको कार्य आमानबाट कार्य गराएको जस्तो देखिएकोले कार्यलयले उपभोक्ता समितिमार्फत संचालन हुने योजनाको हकमा समितिको खातमा नै भुक्तानी दिने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>भौचर</td><td>उपभोक्ता समिति</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>२३</td><td>डाँडाघर सामुदायिक भवन सम्मको बाटो</td><td>हरिप्रसाद सुनार</td><td>५००००</td></tr>
<tr><td>२४</td><td>गैराधारा राम्चे सम्मको बाटो</td><td>पूर्ण बाहदुर सुनार</td><td>५००००</td></tr>
<tr><td>२८</td><td>पैयुकोट खेल मैदान</td><td>गणेश बहादुर थापा</td><td>५००००</td></tr>
<tr><td>२४०</td><td>बाईचोक दुक्तान दण्ड सडक मर्मत</td><td>श्याम कुमार गुरुङ्ग</td><td>५००००</td></tr>
<tr><td>२१८</td><td>भयरथान मन्दीर निर्माण</td><td>किरण थापा</td><td>५००००</td></tr>
<tr><td>१६८</td><td>चनौटे प्रतिक्षलय निर्माण</td><td>टिकाराम शर्मा</td><td>५००००</td></tr>
<tr><td>१६३</td><td>पहरे बतासे सडक मर्मत</td><td>धर्म प्रसाद पौडेल</td><td>५००००</td></tr>
<tr><td>१५७</td><td>कहहो घुम्ती नेपाली टोल</td><td>दिल बहादुर सार्की</td><td>५००००</td></tr>
<tr><td>१५०</td><td>गुरुङ्ग गाउँ सिदथान सडक सोलिङ्ग</td><td>नुनप्रसाद गुरुङ्ग</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>गुणस्तरमा आश्वस्तता<br><br>निर्मित संरचनाहरु Standard Specification तथा मापदण्ड अनुसार निर्माण गरिए नगरिएको सम्बन्धमा गुणस्तर परीक्षण हुनुपर्दछ । कार्यालय ले उपभोक्ता समितिबाट निर्माण भएको आर.सि.सी. कार्यमा प्रयोग हुने क्रंक्रिटको क्यूब टेष्ट तथा फलामे डण्डीको टेन्साइल टेष्ट तथा विभिन्न स्थानको लागि ग्याविनको कार्य गर्दा ग्याविनको तारको टेष्ट गरेको देखिने टेष्ट रिपोर्ट समेत संलग्न रहेको पाइएन । यस्तो अवस्थामा निर्मित संरचनाको गुणस्तरमा आश्वस्तता प्राप्त गर्न कठिनाइ हुने तथा आन्तरिक नियन्त्रण कमजोर हुने हुदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>ढलानमा बढी दर</td><td>१०२,७२३.०३</td></tr>
</table>

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक तर्फको संरचना निर्माण गर्दा नेपाल सरकारबाट २०७५।०४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स २००० को मेसिन प्रयोग गरी १:२:४ को कार्यको प्रति घ.मि.रु.११२२४ मात्र हुने देखिन्छ । तर कार्यालयले सडक निर्माणको लागि आवश्यक दर विश्लेषण नगरी भवन निर्माणतर्फ प्रति घ.मि.रु.१३६४५ प्रयोग गरेको छ । जसअनुसार स्वीकृत नर्म्स अनुसार प्रति घनमिट रु.२४२१ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौता भई सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु.<br><table><tr><td>गोभौ</td><td>योजना तथा समिति</td><td>परिमाण</td><td>बढी दर</td><td>बढी रकम</td></tr><tr><td>१४८</td><td>मिलनचोक भोक्सिङ्ग सिस्ने खल्डा खण्ड सडक</td><td>२८.१५</td><td>२४२१</td><td>६८१५१.१५</td></tr><tr><td>८४</td><td>देउराली खोला सडक मर्मत</td><td>१४.२८</td><td>२४२१</td><td>३४५७१.८८</td></tr><tr><td></td><td>जम्मा</td><td>४२.४३</td><td>२४२१</td><td>१०२७२३.०३</td></tr></table> | |
| १५ | | | **समितिलाई हस्तान्तरण**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ११ ले उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गनुपर्ने र त्यसरी प्राप्त भएको विवरणको अभिलेख सम्बन्धित निकायले राख्नुपर्ने र निर्माण कार्य सम्पन्न भएपछी सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति या लाभग्राही समुदायलाई नै हस्तान्तरण गनुपर्ने व्यवस्था उपनियम १२ मा छ । कार्यालयले यस आर्थिक वर्षमा सम्पन्न आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको अभिलेख उपभोक्ता समिति मार्फत सञ्चालित आयोजना समितिलाई नै हस्तान्तरण गरि मर्मत सम्भार र दिगो व्यवस्थापन गराउने सम्बन्धमा पहल हुनुपर्ने देखिन्छ । | |
| १६ | | | **हेभी मेशिन**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, | |

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>एक्साभेटर, लोडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>गोभौ</th><th>उपभोक्ता समिति वा योजना</th><th>खर्च रकम</th><th>निर्माण व्यवसायि</th><th>मेसिनको विल रकम</th></tr>
<tr><td>२४२</td><td>भोक्सीङ्ग पाखुरे बालाकोट बारेडाँडा सडक</td><td>६२०९३६</td><td>गूरुङ्ग विल्डर्स</td><td>६८८२०३</td></tr>
<tr><td>२४१</td><td>घन्टे हलोगाढे सडक स्तरउन्नती</td><td>१५०००००</td><td>गूरुङ्ग विल्डर्स</td><td>१२३६८९८२</td></tr>
<tr><td>९३</td><td>दह दियालिडाँडा हिरुखर्क सडक</td><td>८११५१२</td><td>गूरुङ्ग विल्डर्स</td><td>७४६४७७</td></tr>
<tr><td>४०</td><td>वडाका सम्पुर्ण सडक मर्मत उपभोक्ता समिति</td><td>६५००००</td><td>नायक निर्माण सेवा</td><td>८२२०७५</td></tr>
<tr><td>३६</td><td>पैयु भञ्याङ्ग अगाह सडक मर्मत</td><td>७३६९४०</td><td>गूरुङ्ग विल्डर्स</td><td>९७८९४१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>बायो–इञ्जिनियरिङ्ग<br><br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मत÷सम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो–इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>ठेक्का अभिलेख<br><br>सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता लेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार गरी सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ। यस कार्यालयले गत तथा यस वर्ष व्यवस्थापन गरेका ठेक्काहरुको विवरण स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन। जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुकानी अभिलेख प्राप्त हुन सकेन। तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>जटिल संरचना<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, विद्युतीकरण पिचलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>जालिका बढी दर<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ग्याविनको कार्यको लागि दरविश्लेषण गर्दा २*१*१ तथा १.५*१*१ को जालि तार खरिद गर्ने गरी लागत अनुमान तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उपभोक्ता समितिले मेसिन मेड जाली खरिद गरेको उपभोक्ता समितिले पेश गरेको विल बाट देखिन्छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने भएकोले देहाय अनुसारका योजनामा निम्नानुसार रकम बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ । रु
<table>
<tr><th>भौनं</th><th>उपभोक्ता समिति वा योजना</th><th>जालि परिमाण</th><th>प्रयोग दर</th><th>प्रयोग गर्नुपर्ने दर</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२९</td><td>लादुरे गम्बा अकलादेवी सडक</td><td>१८</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>१६७४</td></tr>
<tr><td>१९४</td><td>लुंखुमा र बतासेमा बसपार्क व्यवस्थापन</td><td>१३७</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>१२७४१</td></tr>
<tr><td>१९१</td><td>श्री चन्द्रोदय आवि</td><td>३४</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>३१६२</td></tr>
<tr><td>१६७</td><td>बालापानी माध्यामिक विद्यालय</td><td>५०</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>४६५०</td></tr>
<tr><td>१६६</td><td>साहुघर घुम्ती घडेरी डाँडा सडक</td><td>२०</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>१८६०</td></tr>
</table></td><td>३१,१५५</td></tr>
</table>

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९३</td><td>दह दिपालीडाँडा हिरुखर्क सडक</td><td>७६</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>७०६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३१</td><td>२०१८</td><td>१९२५</td><td>९३</td><td>४९३८३</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२७ को निर्णयबाट रु. १८२२८।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>दिवा खाजा<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ।</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>पालिकाले यस वर्ष २६ विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रु ४००२०७५ उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>जिल्ला प्रशासन कार्यालय, पर्वतको मिति २०७८।१०।४ को निर्णय बमोजिम मिति २०७८।१०।५ देखि भौतिक उपस्थितिमा सञ्चालन हुने सबै प्रकारका शैक्षिक क्रियाकलापहरु सञ्चालन नगर्ने नगराउने आदेश भएको र महाशिला गाउँपालिका, कार्यपालिकाको निर्णयले समेत जिल्ला प्रशासन कार्यालयको आदेशलाई निरन्तरता दिएकोमा निम्न विद्यालयहरुलाई विद्यार्थि दिवा खाजा वापत बढी दिनको निकाशा गरेकोले असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विद्यार्थि संख्या (बालविकास देखि ५ सम्म)</th><th>बढी दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री जनविकास मा.वि.</td><td>७८</td><td>३</td><td>१५</td><td>३५१०</td></tr>
<tr><td>२</td><td>श्री स्वधर्म मा.वि.</td><td>६२</td><td>७</td><td>१५</td><td>६५१०</td></tr>
<tr><td>३</td><td>श्री सरस्वती नि.मा.वि.</td><td>३६</td><td>२</td><td>१५</td><td>१०८०</td></tr>
<tr><td>४</td><td>श्री चनौटे प्रा.वि.</td><td>२१</td><td>९</td><td>१५</td><td>२८३५</td></tr>
<tr><td>५</td><td>श्री बुद्ध प्रा.वि.</td><td>४२</td><td>६</td><td>१५</td><td>३७८०</td></tr>
<tr><td>६</td><td>श्री महाशिला प्रा.वि.</td><td>१७</td><td>३</td><td>१५</td><td>७६५</td></tr>
</table>
</td><td>५७,१९५</td></tr>
</table>

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>श्री चन्द्रनगर प्रा. वि.</td><td>४६</td><td>८</td><td>१५</td><td>५५२०</td></tr>
<tr><td>८</td><td>श्री महेन्द्रोदय मा. वि.</td><td>३७</td><td>३</td><td>१५</td><td>१६६५</td></tr>
<tr><td>९</td><td>श्री सुर्य मा. वि.</td><td>३३</td><td>८</td><td>१५</td><td>३९६०</td></tr>
<tr><td>१०</td><td>श्री गोलर्याङधाम आ. वि.</td><td>५४</td><td>७</td><td>१५</td><td>५६७०</td></tr>
<tr><td>११</td><td>श्री लक्ष्मीदय आ. वि.</td><td>४५</td><td>९</td><td>१५</td><td>६०७५</td></tr>
<tr><td>१२</td><td>चन्द्रोदय प्रा. वि.</td><td>६६</td><td>६</td><td>१५</td><td>५९४०</td></tr>
<tr><td>१३</td><td>श्री कालिका प्रा. वि.</td><td>१९</td><td>४</td><td>१५</td><td>११४०</td></tr>
<tr><td>१४</td><td>श्री त्रिभुवन प्रा. वि.</td><td>७</td><td>१०</td><td>१५</td><td>१०५०</td></tr>
<tr><td>१५</td><td>श्री पैयूंगुधैम प्रा. वि.</td><td>२७</td><td>७</td><td>१५</td><td>२८३५</td></tr>
<tr><td>१६</td><td>श्री गोदारी प्रा. वि.</td><td>१८</td><td>१२</td><td>१५</td><td>३२४०</td></tr>
<tr><td>१७</td><td>श्री शिवालय प्रा. वि.</td><td>१८</td><td>६</td><td>१५</td><td>१६२०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>५७१९५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
शिक्षक दरबन्दी र पदपूर्ति
पालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकाभित्र २६ सामुदायिक विद्यालय सन्चालनमा रहेका छन । २६ विद्यालयमा १६१ जना शिक्षकको दरबन्दी रहेको छ । उक्त दरबन्दी मध्ये ६५ जना करार र ९८ जना स्थायी दरबन्दीमा कार्यरत छन ।साथै २६ विद्यालयमा कुल १७२६ जना विद्यार्थि रहेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।
· पालिकाबाट प्राप्त विवरण अनुसार श्री मदन आश्रित माध्यामिक विद्यालयमा महाशिला ६ फलामखानीमा शिक्षक शुन्य दरबन्दी रहेको छ।
· पालिकाबाट प्राप्त विवरण अनुसार कुल स्वीकृत दरवन्दी भन्दा २ जना शिक्षक दरवन्दी मिलान भई बढी रहेकोमा उक्त शिक्षकहरु व्यवस्थापन वेगर ६५ जना करारमा राखेको देखिन्छ ।
पालिकाले विद्यार्थीको तथा शिक्षक अनुपात मिलान हुने गरी शिक्षक दरबन्दी मिलान गरी नपुग हुने शिक्षकमात्र करारतर्फ राख्ने तथा स्थायी पदपुर्तीको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधारगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**<br><br>*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ ।२७ को निर्णयबाट रु. ४७५००००।- सम्परीक्षण गरिएको ।)* | ० |
| २४ | | | **शिक्षक तलब भत्ता निकासा**<br><br>पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ । | |
| २५ | | | **क्याम्पसलाई अनुदान**<br><br>*✍ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ ।२७ को निर्णयबाट रु. ६०००००।- सम्परीक्षण गरिएको ।)* | ० |
| २६ | | | **कृषक अभिलेख**<br><br>नेपाल सरकार तथा प्रदेश सरकार सम्बन्धी एकीकृत कार्यविधि २०७७ को बुदा नं.१२(२) मा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रम संचालन गर्दा अन्य कार्यालयसँग समन्वय गर्नुपर्ने तथा १२(३) मा एकै प्रकृतिको कार्यको लागि एक बढी कार्यालयबाट अनुदान दिन नपाउने व्यवस्था गरेको छ । तर यस वर्ष संघीय सरकार र प्रदेश सरकारले संचालन गरेका कार्याक्रम तथा पालिकाले संचालन गरेका आयोजना, कार्यक्रम, कृयाकलापहरु अन्तर्गत गत विगत तथा यस वर्षमा कुन कुन कृषकलाई पुरै वा आंशिक शसर्त निशर्त वस्तुगत, नगद अनुदान तथा प्राबिधिक सेवा परामर्श सिपविकास तालिम दिइएको थियो सो को व्यबस्थित अभिलेख राखि कृषकगत प्रोफाइल लगत राखेको पाइएन । कृषकगत, लगत नहुंदा एकै प्रकृतिका कार्यक्रम एवं कृयाकलापहरुमा उहि व्यक्ति, संस्था तथा समुदाय दोहोरिन सक्ने र अनुदान प्रदान गर्नु पर्ने कृषकहरु सम्म उक्त कार्यक्रमको पहुंचको अवसरबाट बञ्चित हुनुपर्ने देखिन्छ । तसर्थ कृषकगत प्रेफाइल लगत अभिलेख तयार गरी राख्नु पर्दछ । | |
| २७ | | | **राजश्व दाखिला** | १०५,६१७ |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश प्रतिशत रकम जरिवाना लगाउन सक्ने उल्लेख । पालिका बाट प्राप्त विवरण अनुसार वडा नं १ बाट रु.५०१२२७, वडा नं २ बाट रु.२१६९६५, वडा नं ३ बाट रु.२९१८४९, वडा नं ४ बाट रु.५४८०२०, वडा नं ५ बाट रु.८४३६१६, वडा नं ६ बाट रु.८८४६०, गाउँपालिकाबाट रु.२०३७५० र स्वास्थ्य संस्थाबाट रु.२४७८६५ गरी यस वर्ष कुल रु.२९४१७५२ राजस्व आम्दानी भएको छ । तर पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार कुल रु.२८४५७३७ मात्र दाखिला भएको देखिन्छ । जसअनुसार आम्दानी भन्दा रु.९६०१५ घटी दाखिला भएको छ । तसर्थ प्राप्त आम्दानी रकम समायमा दाखिला नगर्नेबाट १० प्रतिशतले हुने जरिवाना रु.९६०२ समेत रु.१०५६१७ असूल हुनुपर्दछ । रु | |
| २८ | | | **रसिदको प्रयोग**<br><br>पालिकाले आर्थिक वर्षको अन्तमा जारी नभएका नगदी रसिद आम्दानी बाँधी पुनः प्रयोग गर्ने तथा उक्त नगदी रसिदहरुबाट प्राप्त रकम बैक दाखिला गरी सम्बन्धीत शाखा बुझाउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण तथा लेखापरीक्षणको क्रममा गत वर्षको बाँकी २० ठेली नगदी रसिद र १३ वटा मालपोत रसिदहरु यस वर्ष प्रयोग भएको छ । उक्त नगदी रसिदहरु यस वर्षको नगदी रसिद नियन्त्रण खातामा आम्दानी बाँधेको देखिएन । साथै वडा नं १ बाट र.नं २९०१ देखि २९५० सम्मको रसिद फिर्ता भएको छैन । जसबाट वडा कार्यालयले प्रयोग गरी फिर्ता गरेको बाहेक अन्य केकति पुराना रसिदहरु प्रयोग भएको छ सो सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ पालिकाले आर्थिक वर्षको अन्तमा बचत रहेका नगदी तथा मालपोत रसिदहरु पालिकाको रसिद नियन्त्रण खातामा अभिलेख राखि आम्दानी व्यवस्थित गर्नुपर्दछ । | |
| २९ | | | **म.ले.प. फारमको प्रयोग**<br><br>पालिकाले स्वीकृत म.ले.प.फा. नं. अनुसार राजश्व आम्दानी तर्फ दैनिक, शिर्षकगत तथा गोस्वारा खाता राख्नुपर्दछ । पालिका तथा वडाबाट यस वर्ष राजश्व आम्दानी तर्फ दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सबै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरु | |

<table>
<tr><th>क सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व बैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । आम्दानी जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>आन्तरिक आम्दानी<br><br>पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.६५ लाख ८० हजार राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्ष देहाय अनुसार शिर्षकमा रू. २८ लाख ४६ हजार संकलन भएको देखिन्छ ।<br><br>
<table>
<tr><td>शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>प्रतिशत</td></tr>
<tr><td>एकीकृत सम्पत्ती कर</td><td>५००००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>भुमि/मालपोत कर</td><td>२७८४०००</td><td>८६५८१५</td><td>३१.१०</td></tr>
<tr><td>घर बहाल कर</td><td>१०४०००</td><td>७३१५८</td><td>७०.३४</td></tr>
<tr><td>बहाल विटौरी कर</td><td>५८०००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा बिक्री</td><td>५८०००</td><td>३७०२२०</td><td>६३८.३१</td></tr>
<tr><td>परीक्षा शुल्क</td><td>०</td><td>२०६००</td><td>०.००</td></tr>
<tr><td>सिफारसि दस्तुर</td><td>२२०४०००</td><td>८१९१२०</td><td>३७.१७</td></tr>
<tr><td>व्यक्तीगत घटना दर्ता दस्तुर</td><td>०</td><td>७४५५०</td><td>०.००</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>०</td><td>२२८००</td><td>०.००</td></tr>
<tr><td>अन्य क्षेत्रको आय</td><td>४६४०००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>न्यायिक दण्ड, जरिवाना र जफत</td><td>५२२०००</td><td>०</td><td>०.००</td></tr>
<tr><td>अन्य राजस्व</td><td>५८०००</td><td>५२५२९४</td><td>९०५.६८</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२७८४००</td><td>३८०००</td><td>१३.६५</td></tr>
<tr><td>बेरुजू</td><td>०</td><td>३६१८०</td><td>०.००</td></tr>
<tr><td>जम्मा</td><td>६५८०४००</td><td>२८४५७३७</td><td>४३.२५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले गरेको अनुमानको तुलनामा ४३.२५ प्रतिशतमात्र राजस्व आम्दानी भएको देखिन्छ । पालिकाले आय अनुमान गरेको शीर्षकमध्ये एकीकृत सम्पत्ती कर, बहाल विटौरी कर, अन्य क्षेत्रको आय, न्यायिक जरिवानादण्ड तथा जफत शिर्षकतर्फ शुन्य आम्दानी देखिएको छ भने परीक्षण</td><td></td></tr>
</table>

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शुल्क, व्यक्तिगत घटना दर्ता शुल्क,नाता प्रमाणित दस्तुर र व्यवसाय दर्ता शुल्कमा शुन्य अनुमान भएकोमा आय संकलन भएको छ । त्यसैगरी उपरोक्त अनुसार ४ वटा शिर्षकमा अनुमान भन्दा घटी तथा २ शिर्षकमा अनुमानको तुलना बढी आय संकलन गरेको छ । जसबाट पालिकाको आम्दानी अनुमान तथा असुली यथारथपरक रहेको छ भन्न सकिने अवस्था रहेन । तसर्थ पालिकाले आयको दायरा विस्तार गर्दै असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **वन उपभोक्ता समितिको कार्ययोजना**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको देखिएन । साथै सामुदायिक वनले वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन ।साथै सोको विवरण समेत पालिकामा पशे नभएको दाखिला गर्न बाँकी रकम समेत यकसन गर्न सकिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकीए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ । | |
| ३२ | | | **रसिद केरमेट**<br><br>***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ ।२७ को निर्णयबाट रु. ४०००।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ३३ | | | **नक्सापास**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा नक्सापास नगरी भवन निर्माण गर्न नहुने तथा दफा ४ ३मा पालिका क्षेत्रभित्र निर्माण हुने भवन संरचनाहरु निर्माण गर्दा राष्ट्रीय भवन संहिता पालना भए नभएको सम्बन्धमा राष्ट्रीय भवन संहिताको अधिनमा रहि मापदण्ड निर्धारण गरी नक्सा पास गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लेखापरीक्षण अवधि सम्म सो सम्बन्धी कुनै कार्य गरेको देखिएन । साथै पालिका निर्माण गरिरहेको पालिका भवनको समेत हाल सम्म नक्सा पास गरेको देखिएन । तसर्थ पालिका राष्ट्रिय भवन संहिता अनुसार मात्र भवन निर्माण | |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | स्वीकृति दिने गरी मापदण्ड निर्धार गर्ने तथा नक्सा पास कार्य पश्चातमा मात्र पालिका क्षेत्र भित्र भवन निर्माण गर्न पाउने व्यवस्थाको पलना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **वातावरणीय प्रभाव मूल्यांँकन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो । | |
| ३५ | | | **बेसको कार्य गरी छाडेको**<br><br>Standard specification of Road and bridge २०७३ ले सडक कालोपत्रे गर्ने क्रममा सडकमा बेस कोर्सको कार्य गरेको १ महिना भित्र सडक कालोपत्रे गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त समयमा सडक कालोपत्रे नगरे वार्ष लगायतको कारणबाट कमप्याक्सन गरिएको बेसमा क्षति हुन गई ततपश्चात गरीएको कालोपत्रे दिगो तथा टिकाउन नहुने हुनसक्दछ । कार्यालयले लुङ्खु गानावाङ्ग सडक कालोपत्रे कार्यको लागि मिति २०७९।०१।२५ मा फेवा कन्ट्रकसनलाई २+१०० देखि ६+६०० सम्म २८७० घनमिटर सडकमा बेसकोर्सको कार्य गरेको भनी प्रति घनमिटर रु.२८०० का दरले मुल्याँकन गरी भुक्तानी दिएको छ । तर सोही विलमा निर्माण व्यवसायिले २+१०० देखि ४+६०० सम्म मात्र कालोपत्रे गरेको देखिन्छ । जसअनुसार ४+६०० देखि ६+६०० सम्म गरिएको बेसकोर्स उपर आर्थिक वर्षको अन्त अर्थात मिति २०२९।०३।३२ सम्म पनि कालोपत्रे गरेको देखिएन | |

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। जसअनुसार वर्षामा कम्प्याकसन गरिएको वेस बगाउने र क्षति हुने भएकोले पुनः बेसको कार्य नगरी कालोपत्रे गर्न मिल्ने देखिदैन । जसअनुसार कार्यालयले सातौ विल सम्म ४+६०० देखि ६+६०० सम्म गरेको ९०० घनमिटरमा प्रति घनमिटर रु.३००० का दरले रु.२७००००० तथा सोमा लाग्ने मुअ कर समेत रु.३०५१००० भुक्तानी गरेकोमा कालोपत्रे गरेको प्रमाण पेश हुनुपर्दछ । यस सम्बन्धमा छलफल गर्दा तोकीएको मितिभित्र कालोपत्रे गरि सकिएको तथ बजेट अभाब र नाप जाँच गरी अन्तिम विल भुक्तानी दिन समयअपुग भएको भएकोले भुक्तानी नदेखिएको पालिकाको भनाई रहेको छ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कर समायोजन<br><br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ७० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिलबमोजिमका कार्यमा नियमानुसार ७० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौचर</th><th>सप्लायर्स</th><th>मूअ कर बाहेकको रकम</th><th>मूअ कर रकम</th></tr>
<tr><td>१७८</td><td>पर्वत हार्डवेयर एण्ड सप्लायर्स</td><td>८७९६७५</td><td>११४३५८</td></tr>
<tr><td>१७०</td><td>सर्भे हाउस ईन्टरप्राईजेज</td><td>७९५५००</td><td>१०३४१५</td></tr>
<tr><td>१६०</td><td>अनमोल ईन्टरप्राईजेज</td><td>४३२६३०</td><td>५६२४२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१०७८०५</td><td>२७४०१५</td></tr>
</table></td><td>२७४,०१४.६५</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>म्याद नाघेको पेश्की<br><br>............(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ ।२७ को निर्णयबाट रु.५००००००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बजेट अभाव<br><br>संस्कृती, पर्यटन तथा नागरीक उड्डयान मन्त्रालयको च.नं. ३३९ मिति २०७७।१२।१२ को पत्रअनुसार १०८ फिटको अर्धनग्नेश्वर शिवको मुर्ती सहित</td><td></td></tr>
</table>

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पर्यटन पूर्वाधारको लागि रु.५ करोड मध्ये मन्त्रालयले रु.३ करोड ५० लाख र पालिकाले रु.१ करोड ५० लाख बेहोर्ने गरि कार्य अधिबढाउन निर्देशन भए अनुसार कार्यालयले महाशिला क्षेत्र पर्यटन पूर्वाधारका लागि रु.४९९७७६२० को लागत अनुमान तयार गरी बोलपत्र आहवान गरेकोमा श्री धुलीखेल निर्माण सेवाले रु.३६२३४४२७ मा मिति २०८०।११।३० भित्र सम्पन्न गर्ने गरी कार्यालयसँग मिति २०७८।०३।०५ मा सम्झौता गरेको छ । निर्माण व्यवसायिले सम्झौता अनुसार रु.७२ लाख पेश्की माग गरेकोमा संस्कृती, पर्यटन तथा नागरीक उड्ड्यान मन्त्रालयबाट बजेट प्राप्त नभएको भनी पालिकाबाट विनियोजित बजेट बाट मिति २०७८।१०।१६ मा रु.५० लाखबाट पेश्की दिएको छ । तर लेखापरीक्षण अवधि सम्म मन्त्राययबाट उक्त कार्यको लागि बजेट अख्तियारी प्राप्त नभएको निर्माण कार्यको दोस्रो किस्ताको पेश्की समेत दिन नसकेको पालिकाको भनाई रहेको छ । जसबाट एकातर्फ निर्माण कार्य प्रभावित भएको छ भने अर्कोतर्फ पालिकाको आन्तरिक श्रोत रु.२८ लाख ४६ हजार मात्र भएकोमा पालिकाले थप बजेट विनियोजन गरी पेश्की दिन तथा कार्यप्रगति गराउन सकेको देखिँदैन । तसर्थ मन्त्रालयले प्रतिवद्धता गरे अनुसार रकम समामै पालिकालाई अख्तियारी दिई निर्माण कार्य संचालन गर्ने तर्फ ध्यानदिनुपर्दछ । | |
| ३९ | | | **ट्याककोटको बढी परिमाण**<br><br>नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.स २०७३(संशोधन २०७५ समेत) मा जारी भएको standard specification for road and bridge works को बुदाँ नं.१३०२ मा सडक निर्माणमा प्रयोग हुने prime coat tack coat को परिमाण निकाल्ने तरिका सम्बन्धि विधि तोकीएको छ । उक्त निर्देशिकाको बुदाँ नं.१३०२ को scope and definination अनुसार a tack coat means a thin layers of bituminous binder applied to a bituminous surface तथा टेबल नं.१३.१० मा Bituminous surface/Granular surface मा Rate of Spray ०.४-०.६ के.जी. प्रतिवर्गमिटर उल्लेख गरिएको छ । जसको अधिकतम लिँदा समेत ०.६ के.जी प्रति वर्ग मिटर मात्र हुन आउँछ । कार्यालयले ठे.नं.५।२०७५।७६ बाट लुङ्खु गानावाङ्ग सडक कालोपत्रे कार्यको लागत अनुमान तयार गर्दा BOQ मा प्रति वर्गमिटर ०.५ लिटर उल्लेख भएकोमा सातौ विलबाट २+१०० देखि ४+६०० सम्म प्रति वर्गमिटर ०.५ का दरले ४९४६ लिटर मात्र tack coat को परिमाण गणना गर्नुपर्नेमा लागत अनुमानमा भएको ७६४०.२५ लिटर गणना गरी फेवा कन्ट्रक्सनलाई २६७६.२५ लिटरको प्रतिलिटर रु.१०० का दरले रु.२६७६२५ बढी भुक्तानी भएको छ । तसर्थ नापी किताब भन्दा फरक परिमाण ठेक्का विलमा समावेश गरी बढी भुक्तानी भएको रु.२६७६२५ र सोमा | ३०२,४१६ |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाग्ने मुअकर रकम सहित बढी भुक्तानी भएको रकम रु.३०२४१६ असूल हुनुपर्दछ । रु. | |
| ४० | | | **बढी परिमाण गणना गरी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १२५ मा प्राविधिम नापजाँचको अधारमा प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी हुने व्यवस्था गरेको छ । कार्यालयले ठे.नं. ५।०७५।७६ बाट लुङ्गखु गानावाङ्ग कालोपत्रे सडक निर्माण कार्यको लागि फेवा कन्ट्रक्सनसँग रु.६५२०२३८५ मा सम्झौता गरेकोमा सातौ गाउँसभाबाट २३.३८ प्रतिशत भेरियस स्वीकृत गरिए सम्झौता रकम रु.८०४६८७३०३ कायम गरेको छ । मिति २०७८।०३।२५ मा समपन्न गर्ने गरी सम्झौत भएकोमा कोभिड १९ को प्रथम तथा दोस्रो लहरका कारण नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार उक्त ठेक्काकव म्याद २०७९ असोज मसान्त सम्म थप भएको छ । कार्यलयले यस वर्ष सम्म सातौ विलवासम्म रु.६९२६२८५६.९३ भुक्तानी गरेको छ । कार्यालयबाट यस वर्ष भुक्तानी भएको छटौ र सातौ विलको भुक्तानीको साथ रहेको नापी किताब परिक्षण गर्दा चेनेज नं.६+४४० देखि ६+६०० सम्म बेसको कार्य गर्दा १६० मिटरको लम्बाईमा ४.५ मिटर चौडाई तथा ०.१ मिटर मोटाईबाट ७२ घनमिटर परिमाण भनी गणना गर्नुपर्नेमा ८१० घनमिटर उल्लेख गरी ७३८ घनमिटर बढी परिमाण गणना गरी भुक्तानी गरेको छ । जसअनुसार प्रति घनमिटर रु.३००० का दरले उक्त कार्यमा मात्र रु.२२१४००० तथा सोमा लाग्ने मुअकर रकम रु.२५०१८२० बढी भुक्तानी भएको देखिन्छ । परिमाण गणनामा फरक पारी बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ । रु | २,५०१,८२० |
| ४१ | | | **हस्तान्तरण**<br><br>***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२ ।२७ को निर्णयबाट रु. १३५२०४५।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४२ | | | **प्रमाण बेगर भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) तलव, महङ्गी भत्ता, सरुवा भ्रमण खर्च, पोषाक, घरभाडा, सेवा निवृत सुविधा लगायतका किमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित | |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराई राख्नुपर्ने व्यवस्था रहेको छ। यस गाँउपालिकाले भुक्तानी दिन बाँकीको कच्चावारी बेगर बिभिन्न गो भौ न बाट औषधि तथा खाद्यान्न खरीदमा रु ११६६६०।०० भाँडाकुडा खरिदमा रु २७०३०।०० र स्वास्थ्यकर्मी प्रोत्साहन भत्ता वापत रु १०८१०५।०० भुक्तानी दिएको देखिन्छ। यसरी भुक्तानी दिन वाँकीको कच्चावारी वेगर गत वर्षको वाँकी हो होइन भन्ने स्पष्ट आधार वेगर भुक्तानि दिएको रकम रु. २५१७९५।०० अनियमित देखिन्छ । | |
| ४३ | 12 | २०७९-१-१४ | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवास निर्माण निर्देशिका बमोजिम गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम सञ्चालनमा रहेको छ । गो भौ न १२।२०७९।१।१४ बाट बिभिन्न वडाका ५२ जना लाभग्राहिलाई प्रति व्यक्ति रु ३००००।०० का दरले रु १५६००००।०० पहिलो किस्ता बापतको रकम राष्ट्रिय बाणिज्य बैकको खातामा पठाई खर्च लेखेको छ । राष्ट्रिय बाणिज्य बैकले सम्बन्धित लाभग्राहिको खातामा रकम पठाएको प्रमाणित बिबरण बेगर गाँउपालिका बाट प्रमाणित लाभग्राही सूची का आधारमा मात्रै उक्त रकम सम्बन्धित लाभग्राहिको खातामा जम्मा भएको यकिन गर्न नसकिने भएकोले रकम सम्बन्धित वैंकले सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको प्रमाण पेश हुनु पर्दछ । | |
| ४४ | | | **ठेक्का अभिलेख खाता**<br><br>निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता, म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत तथा म ले प फा नं ५०३ बमोजिमको स्वीकृत ढाँचाको नापी किताब राख्नु पर्ने व्यवस्था छ ।साथै सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुदा नं. ३ बमोजिम यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं. ५१२ बमोजिम नियन्त्रण खातामा उल्लेख गरि कार्यसम्पन्न भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने व्यवस्था छ । नगरपालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाइयो। उपरोक्त कानुनमा भएको व्यबस्था पालना गर्न कार्यालयले ध्यान दिन जरुरी देखिन्छ । | |

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **निजी विद्यालय व्यवस्थापन र अनुगमन**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका भित्र रहेका २६ सामुदायिक विद्यालयको व्यवस्थापनको कार्य गर्ने गरेकोमा पालिका क्षेत्र भित्र रहेका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै निजी विद्यालयको शुल्क निर्धारण तथा सोको अनुगमन समेत पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था वारे जानकारी प्राप्त गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ । | |
| ४६ | | | **सामाजिक परीक्षण तथा लेखापरीक्षण**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ को क्रियाकलाप नं.२.७.१३.१ मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष ८ माध्यामिक विद्यालयलाई रु.१५ हजारका दरले र १८ आधारभुत विद्यालयलाई रु.१० हजारका दरले रु ३००००० निकासा दिएको छ । तर विद्यालयबट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको देखिएन । तसर्थ सामाजिक परीक्षण प्रतिवेदन पशे हुनुपर्दछ । रु | ३००,००० |
| ४७ | १६५ | २०७९-३-२४ | **जिन्सी दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले सिटिजन फर्निचर ट्रेड लिङ्क प्रा.लि. बाट रु १२३२६६। को फर्निचर खरिद गरेकोमा सो को जिन्सी दाखिला गरेको पाइएन। कार्यालय प्रमुखले जिन्सी शाखाको प्रमुखलाई जिम्मेवार बनाई जिन्सी सामानको दाखिला तथा संरक्षण र सम्बर्द्धन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४८ | | | **क्षेत्रगत बजेट र खर्च** | |

<table>
<tr><th>क्र सं</th><th>भौ न</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>सामाजिक विकास क्षेत्र</td><td>२२२१५७३७३</td><td>१७२८२१७०४</td><td>६१.६६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>७००२५३५३</td><td>४९६२२३७४</td><td>१७.७०</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>३९०५०६२९</td><td>३३९७४३४१</td><td>१२.१२</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२६२८१९६७</td><td>१९९५१७२१</td><td>७.१२</td></tr>
<tr><td>सुशासान तथा अन्तरसम्बन्धीत क्षेत्र</td><td>६२७२०००</td><td>३९२३९३३</td><td>१.४०</td></tr>
<tr><td>जम्मा</td><td>३६३७८७३२२</td><td>२८०२९४०७३</td><td>१००.००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार पालिकाको सभाबाट विनियोजन बजेटमध्ये कुल खर्चको तुलनामा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ६१.६६ प्रतिशत र सबैभन्दा कम सुशासन तथा अन्तरसमबन्धीत क्षेत्रमा १.४० प्रतिशत खर्च रहेको छ ।अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>चौमासिक खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष पुजिगतर्फ रु.९३६८२१९४ खर्च गरेको छ । जसमध्ये प्रथम चौमासिकमा रु.२६४००० अर्थात कुल खर्चको तुलनामा ०.२८ प्रतिशत, दोस्रो चौमासिकमा रु.२२०९७७४१ अर्थात कुल खर्चको तुलनामा २३.५९ प्रतिशत र तेस्रो चौमासिकमा रु.७१३२०४५३ अर्थात कुल बजेट खर्चको ७६.१३ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र रु.३७५२४१८ अर्थात कुल खर्चको तुलनामा ४०.०५ प्रतिशत खर्च गरेको छ । जसअनुसार पालिकाले कुल खर्च तिन चैथााई खर्च तेस्रो चौमासिकमा तथा एक तिहाई भन्दा बढी खर्च आषाढमा मात्र गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । साथै नियमावलीको व्यवस्था अनुसार पालिकाले</td><td></td></tr>
</table>

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्रैमासिक लक्ष्य सहितको कार्यक्रम स्वीकृत गरी अख्तियारी दिने र सोही अनुसार खर्च र प्रगति विवरण विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **आन्तरिक नियान्त्रण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br><br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>• पालिकाले कार्यक्रमगत खाता राखेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको योजना तयार गरेको पाईएन।<br><br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको कार्यक्रमगत तथा एकीकृत प्रगति तयार गरेको पाईएन।<br><br>• कन्टिन्जेन्सी खर्चको अभिलेख खाता राखेको पाईएन। | |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायलाई हस्तान्तरण नहुने कार्यालय भवन तथा स्वास्थ्य संस्था लगायतका सरकारी संरचना उपभोक्ता समितिबाट गराएको पाईयो।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• उप प्रमुखको संयोजकत्वमा गठीत योजना अनुगमन समितिले निर्माण कार्य गर्दा लागत अनुमान अनुसार भए नभएको, आगामी दिनमा गर्नुपर्ने सुझाव सहितको विषय प्रतिवेदनमा समावेश गर्ने गरको पाईएन ।<br><br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| क्र सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार जिन्सी निरीक्षण गरेको पाईएन ।<br><br>• मूल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क अनुसार इ टी डि एस नगरेको पाइयो।<br><br>• रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर सहितको तेरिज बनाई कार्यालय प्रमुख तथा निजले तोकेको कर्मचारीबाट प्रमाणीत तथा भुक्तानी भएको छाप लागाउने गरेको पाईएन ।<br><br>• ईन्धन, भ्रमण, बैठक, खाजा खाना, अनुगमन भत्ता तथा विविध खर्च बढी हुने कार्यक्रम तयार गरी संचालन भएको पाईयो ।<br><br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५१ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट कायम बैरुजूहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । तर पालिका यस वर्षको खर्च तथा आम्दानीका कारोबार तथा कोषहरुको आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षणकबाट देखिएका व्यहोराहरु तोकीउक अनुसार फर्छ्यौट गरेको देखिएन । पालिकाले सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा तोकीए अनुसार फर्छ्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **योजना प्रथामीकि करण** | |

| क सं | भौ न | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५३ | | | **शिर्षक फरक पारी खर्च**<br><br>एकीकृत आर्थिक संकेत वर्गिकरण र व्यख्या २०७४ अनुसार तोकीएको शिर्षक फरक नपर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सभाबाट विनियोजित वार्षिक कार्यक्रमबाट गाउँपालिका प्रशासकीय भवन निर्माण शिर्षकबाट ढाँडखर्क सातमुले सडक निर्माण उपभोक्ता समितिलाई रु.१ लाख भुक्तानी दिएको छ । सभाबाट विनियजिग शिर्षक भन्दा फरक शिर्षकमा खर्च गरेको नियमित नदेखिएको । रु | १००,००० |
| ५४ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम २०७८।७९ को आर्थिक वर्षको अन्तसम्ममा देहाय अनुसार पेश्की बाँकी रहेको देखिन्छ । उक्त बाँकी पेश्की रकम तोकिए बमोजिम फर्छ्यौट हुनुपर्ने देखिएको रु.<br><br>\| \| \| \| \| \| जम्मा बाँकी पेश्की \| | १,०८५,००० |

| क्र सं | भौ न | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| सि. नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/०८/२०७८ | ६४ | इन्धन (कार्यालय प्रयोजन) | गनेश बहादुर दर्जी | ० | २०००० | २०००० |
| १ | ०४/०१/२०७८ | १ | काफलडाँडा गाउँपालिका प्रशासकीय भवन निर्माण | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ५०००००० | ० | ५०००००० |
| २ | ०४/०१/२०७८ | १ | काफलडाँडा मा गाउँपालिका प्रशासकीय भवन निर्माण | देवचुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ६००००० | ० | ६००००० |
| ३ | ०४/०१/२०७८ | १ | मिलनचोक-भोक्सिङ्ग-पैयु भञ्याङ्ग-सुभैद्रीखर्क सडक | बि एन्ड बि । स्लेट जे भि | ५०० | ० | ५०० |
| ४ | ०४/०१/२०७८ | १ | बालाकोट स्वास्थ चौकी भवन निर्माण | समिर कन्स्ट्रक्सन | ७१८८०० | ० | ७१८८०० |
| ५ | १०/१६/२०७८ | १६ | महाहशिला क्षेत्रको पुर्वाधार निर्माण मुति कुंध्ने र | धुलिखेल निर्माण सेवा प्रा.लि. | ५०००००० | ० | ५०००००० |

| क्र सं | भौ न | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | वृदाश्रम निर्माण सँघीय सरकारसँग साझेदारी | | | | |
| १ | ०४/०१/२०७८ | १ | गण्डकी प्रदेस पर्वत जिल्ला क्षेत्र न १ अन्तर्गत महासिला गा पा २५० वटा | राष्ट्रिय वाणिज्य वैंक | ३९०००० | ० | ३९०००० |
| २ | ०१/१४/२०७९ | १२ | सुरक्षित नागरिक आवास कार्यक्रम :- गण्डकी प्रदेशको पर्वत जिल्ला क्षेत्र नं. १ अन्तर्गत महाशिला गाउँपालिका - २५० वटा | राष्ट्रिय वाणिज्य वैक लि | ० | ६६०००० | ६६०००० |
| २ | ११/२७/२०७८ | ४५ | हिरुखर्क स्वास्थ्य इकाइ ट्रस भवन | हिरुखर्क स्वास्थ्य ईकाई भवन निर्माण उ.स. | ० | १६५००० | १६५००० |
| ३ | १२/२९/२०७८ | ७४ | गाढा पौडेलथर भँगेरे भर्लेडाँडा सडक | गाढा पौडेलथर भँगेरे भर्लेडाँडा सडक उ.स. | ० | ९०००० | ९०००० |
| १ | ०३/२५/२०७९ | ४०८ | पदाधिकारी सुबिधा | दिनेश कुमार गुरुङ | ० | १५०००० | १५०००० |
| कुल जम्मा | | | | | ११७०९३०० | १०८५००० | १२७९४३०० |